जि.प्रशा.का, बारा दर्ता नं. :- ८७/२०७८/०७९

जिल्ला हुलाक, बारा दर्ता नं. :- १७/२०७८/०७९

"समाचारले टुटछ ठूला-ठूलाको दंभ, त्यसकारण बजारमा आएको छ शुभआरम्भ"

# शुभ आरम्भ

Shubharambh National Daily राष्ट्रिय दैनिक

वर्ष ५ | अंक २८६ | २०८३ साल जेठ १९ गते मंगलवार | Tuesday-02-June-2026 | पृष्ठ संख्या-४ | मूल्य रू.५/-

## कांग्रेस इकाइ सभापतिको घरबाट रास्वपाको नेतृत्व उदय, कलैयाको राजनीतिमा उठ्यो गम्भीर प्रश्न

*शु.आ. सम्बाददाता*
*कलैया, १८ जेठ*

बाराको कलैया उपमहानगरपालिकाको राजनीतिक वृत्तमा अहिले एउटा घटनाले व्यापक चर्चा, टिप्पणी र बहस जन्माएको छ। नेपाली कांग्रेस कलैया-२० का इकाइ सभापति विश्वनाथ रौनियारका छोरा उमा शंकर रौनियार राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) को नगर अध्यक्षमा निर्वाचित भएपछि स्थानीय राजनीतिमा अनेक प्रश्नहरू उठ्न थालेका छन्।




वर्षौंदेखि नेपाली कांग्रेसको संगठन निर्माण, चुनावी अभियान र पार्टी गतिविधिमा सक्रिय मानिएका विश्वनाथ रौनियारको परिवारबाटै रास्वपाको नगर नेतृत्वमा नयाँ अनुहार उदाउनु केवल व्यक्तिगत राजनीतिक रोजाइको विषय मात्र नभई स्थानीय राजनीतिक संस्कार, संगठनात्मक प्रतिबद्धता र वैचारिक निष्ठामाथिको बहसको विषय बनेको छ।

राजनीतिक विश्लेषकहरूका अनुसार एउटै घरमा दुई फरक राजनीतिक धारका प्रभावशाली नेतृत्व देखिनु लोकतान्त्रिक अभ्यासको सामान्य पक्ष भए पनि स्थानीय तहको सक्रिय संगठनात्मक नेतृत्व सम्हालिरहेको व्यक्तिको परिवारबाट प्रतिद्वन्द्वी दलको नेतृत्वमा उदय हुनु भने असामान्य राजनीतिक घटनाका रूपमा हेरिएको छ।

स्थानीय स्तरमा अहिले प्रश्न उठ्न थालेको छ–यदि कांग्रेसको वडा तहको नेतृत्व सम्हालिरहेको परिवारभित्रै अर्को पुस्ताले कांग्रेसप्रति विश्वास नगरी वैकल्पिक शक्तिको नेतृत्व रोज्छ भने यसले परम्परागत दलहरूको आन्तरिक अवस्था र युवापुस्ताको मनोविज्ञानबारे के सन्देश दिन्छ ?

कतिपय राजनीतिक वृत्तमा यसलाई कांग्रेसभित्रको वैचारिक संकट र नयाँ पुस्तालाई आकर्षित गर्न नसकेको अवस्थाको संकेतका रूपमा व्याख्या गर्न थालिएको छ। आलोचकहरू भन्छन्, "यदि आफ्नै घरका युवा पुस्तालाई पार्टीको विचार, संगठन र भविष्यप्रति विश्वास दिलाउन नसकिएको हो भने त्यो गम्भीर आत्मसमीक्षाको विषय बन्नुपर्छ।"

उता रास्वपाका समर्थकहरूले भने यो घटनालाई वैकल्पिक राजनीतिप्रति बढ्दो आकर्षणको उदाहरणका रूपमा प्रस्तुत गरिरहेका छन्। उनीहरूको दाबी छ कि पुराना राजनीतिक प्रभाव र पारिवारिक पृष्ठभूमिलाई छाडेर नयाँ पुस्ता परिवर्तनको एजेन्डातर्फ आकर्षित भइरहेको छ, जसको प्रत्यक्ष उदाहरण उमा शंकर रौनियारको नेतृत्वमा देखिएको छ।

पछिल्लो समय रास्वपाले देशभर संगठन विस्तार अभियान चलाइरहेका बेला विभिन्न स्थानमा नेतृत्व चयनलाई लिएर विवाद, असन्तुष्टि र आन्तरिक संघर्षका समाचार सार्वजनिक भइरहेका छन्। यस्ता विवादबीच पनि कलैयामा उमा शंकर रौनियार नगर अध्यक्ष बन्न सफल हुनु राजनीतिक रूपमा अर्थपूर्ण घटनाका रूपमा हेरिएको छ।

बाँकी तेश्रो पृष्ठमा

## विवादबाट स्थायित्वतर्फ सिम्रौनगढ नगरपालिका, निमित्त प्रमुख प्रशासकीय अधिकृत लहेराको कार्यशैलीको प्रशंसा

*शु.आ. सम्बाददाता*
*बारा, १८ जेठ*

लामो समयसम्म प्रशासनिक अस्थिरता, आन्तरिक विवाद तथा कार्यसम्पादनमा देखिएको अन्योलका कारण चर्चामा रहँदै आएको सिम्रौनगढ नगरपालिका पछिल्लो पाँच महिनायता भने अपेक्षाकृत शान्त, व्यवस्थित र नियमित रूपमा सञ्चालन भइरहेको स्थानीयवासीहरूले बताएका छन्। यस परिवर्तनको श्रेय नगरपालिकाका निमित्त प्रमुख प्रशासकीय अधिकृत बिरबहादुर साह लहेरा लाई दिइएको छ।



स्थानीय सरोकारवालाहरूका अनुसार लहेराले जिम्मेवारी सम्हालेपछि नगरपालिकामा कानुनी प्रक्रिया, प्रशासनिक अनुशासन र समन्वयलाई प्राथमिकतामा राख्दै कामकाज अगाडि बढाएका छन्। विगतमा विभिन्न विषयमा देखिने विवाद, आरोप-प्रत्यारोप तथा प्रशासनिक गतिरोधका घटनाहरू पछिल्ला महिनाहरूमा उल्लेख्य रूपमा घटेको बताइन्छ।

स्थानीयवासी अरुण सिंह का अनुसार निमित्त प्रमुख प्रशासकीय अधिकृत लहेराले जनप्रतिनिधि, कर्मचारी तथा सरोकारवाला पक्षबीच समन्वय कायम गर्दै नगरपालिकाको दैनिक प्रशासनलाई सहज र प्रभावकारी बनाएका छन्। "कानुनअनुसार काम गर्ने, सबैलाई साथमा लिएर अघि बढ्ने र विकास निर्माणका कामलाई निरन्तरता दिने उहाँको शैलीले नगरपालिकामा सकारात्मक वातावरण निर्माण भएको छ," सिंहले बताए।

नगरपालिकामा नियमित सेवा प्रवाह, योजनाको कार्यान्वयन, राजस्व व्यवस्थापन, प्रशासनिक पारदर्शिता तथा कर्मचारी परिचालनमा सुधार देखिएको स्थानीयहरूको भनाइ छ। नागरिकहरूले पाउने सिफारिस, दर्ता, सामाजिक सुरक्षा तथा अन्य सेवाहरू पनि नियमित रूपमा सञ्चालन भइरहेका छन्।

स्रोतका अनुसार लहेराले कुनै पक्ष वा समूहको प्रभावमा नपरी कानुन र प्रक्रिया अनुसार निर्णय लिने नीति अपनाएका छन्। यसले कर्मचारीतन्त्र र जनप्रतिनिधिबीचको सम्बन्धलाई सन्तुलित बनाउन सहयोग पुगेको बताइन्छ। विकास निर्माणका कामहरूलाई समेत समयमै अघि बढाउन आवश्यक प्रशासनिक सहजीकरण गरिएको नगरपालिकासँग सम्बद्ध व्यक्तिहरूको भनाइ छ।

स्थानीय बुद्धिजीवीहरूका अनुसार कुनै पनि स्थानीय तहको सफलता राजनीतिक नेतृत्वसँगै प्रशासनिक नेतृत्वको कार्यक्षमता र निष्पक्षतामा पनि निर्भर हुन्छ। सिम्रौनगढ नगरपालिकामा पछिल्लो समय देखिएको स्थिरता र नियमितताले स्थानीय सरकारप्रति नागरिकको विश्वास बढाउन मद्दत पुगेको उनीहरूको भनाइ छ।

यद्यपि नगरपालिकाले अझै पनि पूर्वाधार विकास, सेवा प्रवाहको थप आधुनिकीकरण तथा स्रोत व्यवस्थापनजस्ता चुनौतीहरू सामना गरिरहेको छ। तर पछिल्लो पाँच महिनामा प्रशासनिक स्थायित्व कायम हुनु र विवादरहित वातावरणमा काम अगाडि बढ्नु नगरपालिकाका लागि सकारात्मक संकेतका रूपमा हेरिएको छ।

स्थानीयवासीहरूले नगरपालिकामा कायम भएको समन्वय, अनुशासन र विकासमुखी वातावरणलाई निरन्तरता दिनुपर्नेमा जोड दिएका छन्। उनीहरूका अनुसार कानुनसम्मत, पारदर्शी र जनउत्तरदायी प्रशासनिक अभ्यासले सिम्रौनगढ नगरपालिकालाई सुशासनतर्फ अगाडि बढाउन महत्वपूर्ण योगदान पुऱ्याउनेछ।

## जिल्ला अदालतद्वारा मुद्दा खारेजः राजपुर ३ मा लचका निर्माण कार्यले तीव्रता पाउँदै

*शु. आ. सम्बाददाता*
*रौतहट, १८ जेठ*

रौतहट जिल्लाको राजपुर नगरपालिका वडा नम्बर ३ मा लामो समयदेखि अदालती प्रक्रियाका कारण रोकिएको विकास निर्माणको काम पुनः सुरु भएको छ। जिल्ला अदालत गौरले नगरपालिकाको पक्षमा फैसला गर्दै विपक्षीद्वारा दायर गरिएको मुद्दा खारेज गरेपछि लचका निर्माणको बाटो खुलेको हो।



नगरपालिकाले राजपुर वडा नम्बर ३ मा सार्वजनिक प्रयोजनका लागि लचका निर्माणको प्रक्रिया अघि बढाएको थियो। तर उक्त निर्माण कार्यले आफ्नो निजी जग्गामा असर पुऱ्याउने भन्दै राजपुर ४ की गजला सिकन्द्री र वडा नम्बर ६ का शेख हसिन अख्तरले अदालतको ढोका ढकढकाएका थिए।

वादीहरूले आफ्नो खेतमा ढुङ्गाको पर्खाल लगायतका संरचना बनाउन नहुने माग राख्दै नगरपालिका, नगर प्रमुख, प्रमुख प्रशासकीय अधिकृत र कार्यालयलाई विपक्षी बनाई मुद्दा दायर गरेका थिए। अदालतले सो विषयमा १५ दिनभित्र लिखित जवाफ पेश गर्न नगरपालिकाको नाममा आदेश समेत जारी गरेको थियो।

दुवै पक्षको बहस र प्रमाणहरूको अध्ययनपछि जिल्ला अदालत गौरले वादीहरूको दाबी नपुग्ने भन्दै मुद्दा खारेज गरिदिएको छ। अदालतले विकास निर्माणको काममा अनावश्यक अवरोध सिर्जना गर्न नहुने र सार्वजनिक हितका कामलाई प्राथमिकता दिनुपर्ने ठहर गरेको बुझिएको छ।

मुद्दा खारेज भएको जानकारी प्राप्त हुनासाथ नगरपालिकाले रोकिएको निर्माण कार्यलाई तीव्रताका साथ अघि बढाएको छ। लचका निर्माण सम्पन्न भएपछि वर्षायाममा स्थानीयले भोग्दै आएको आवागमनको समस्या हल हुने विश्वास लिइएको छ।

विकास निर्माणमा व्यक्तिगत स्वार्थ भन्दा सार्वजनिक हित माथि हुनुपर्छ। अदालतको यो फैसलाले नगरको समग्र विकासमा उत्साह थपेको छ, नगरपालिकाका एक प्रतिनिधिले बताए। मुद्दा खारेजी र कामको सुरुवातसँगै स्थानीय बासिन्दाहरू हर्षित भएका छन्। वडा नम्बर ३ का बासिन्दाहरूका अनुसार यो लचका निर्माण भएपछि खेतीपाती र दैनिक आवतजावतमा ठूलो राहत पुग्नेछ। काममा ढिलाइ हुँदा वर्षा नजिकिँदै गरेको चिन्तामा रहेका स्थानीय अहिले निर्माण सुचारु भएपछि ढुक्क भएका छन्।

नगरपालिकाले अब समयमै गुणस्तरीय निर्माण सम्पन्न गर्नका लागि प्राविधिक टोलीलाई कडा निर्देशन दिएको छ।

## तीन दशक बित्दा पनि मदरसा शिक्षा मूलधारबाहिरैः सरकारी उपेक्षाले हजारौँ विद्यार्थीको भविष्य अन्योलमा

*शु. आ. सम्बाददाता*
*रौतहट, १८ जेठ*

नेपालको शैक्षिक इतिहासमा विविध धार्मिक तथा सांस्कृतिक शिक्षाको आफ्नै महत्त्व रहे पनि नेपाली मुस्लिम समुदायको मुख्य शैक्षिक आधार मानिने मदरसा शिक्षा तीन दशक बितिसक्दा पनि मूलधारमा आउन सकेको छैन। वि.सं. २०४८ देखि नै मदरसाहरूलाई दर्ता प्रक्रियामा ल्याएर सरकारी पाठ्यक्रमसँग जोड्ने प्रयास गरिए पनि राज्यको ठोस नीति र कार्यान्वयनको अभावमा यो अझै पनि उपेक्षाको शिकार बनिरहेको छ।



मुस्लिम समुदायका झण्डै ८० प्रतिशत बालबालिकाहरूको पहुँचमा रहेका यी मदरसाहरूलाई व्यवस्थित गर्न २०६३ पुस १२ गतेको अन्तरिम व्यवस्थापिका संसदले दर्ता गर्ने निर्णय गरेको थियो। तर उक्त निर्णय भएको डेढ दशकभन्दा बढी समय बितिसक्दा पनि अवस्था ज्युँका त्युँ छ। देशैभर हाल ८९८ प्राथमिक तथा निम्न माध्यमिक तहका मदरसा ८१ माध्यमिक र करिब एक दर्जन उच्च माध्यमिक (+२) तहका मदरसाहरू सञ्चालनमा छन्। सरकारी तथ्याङ्कअनुसार हालसम्म ११५३ वटा मदरसाहरू दर्ता प्रक्रियामा आएर सरकारी पाठ्यक्रम समावेश गरी अरबी उर्दू र फारसीसँगै आधुनिक विषयहरूको अध्यापन गराइरहेका छन्। यद्यपि सरकारले अन्य धार्मिक वा सामुदायिक विद्यालय सरह मदरसाहरूलाई सेवा-सुविधा र मान्यता दिन कन्जुस्याइँ गरिरहेको बुद्धिजीवीहरूको आरोप छ।

मुस्लिम समुदायले राज्यलाई कर तिरिरहे पनि आफ्ना सन्तान पढ्ने विद्यालय सञ्चालनका लागि भने खैरात (मुठी दान वा चन्दा) मा निर्भर हुनुपर्ने बाध्यता छ। रौतहटको दुर्गा भगवती गाउँपालिका-३ मत्सरीमा संस्कृत पाठशालाले सरकारी संरक्षण पाइरहँदा सोही क्षेत्रका मदरसाहरूले भने आधारभूत सुविधाका लागि समेत संघर्ष गर्नुपरेको छ।

यद्यपि सोही गाउँपालिकाको वडा नं. ४ मा पूर्वप्रधानमन्त्री माधव कुमार नेपालको अगुवाइमा केही मोकतबहरूमा सरकारी शिक्षकको दरबन्दी मिलाइएको भए पनि यो देशैभरिको साझा चित्र बन्न सकेको छैन।

आम जनता पार्टीका केन्द्रीय अध्यक्ष प्रभु साहले विगत तीन वर्षदेखि संसदमा मदरसा शिक्षाको विषयलाई पटक-पटक उठाए पनि सरकारले यसलाई

बाँकी तेश्रो पृष्ठमा

तपाईले तिरेको कर तपाईकै टोल आँगनको बिकासको लागि, त्यसैले जागरुक बनौ कर तिरौ। - देवताल गाउँपालिका

## शुभ आरम्भ राष्ट्रिय दैनिकका लागी

| | |
|---|---|
| प्रकाशक | : अनिल पाण्डेय |
| प्रधान सम्पादक | : दिपेन्द्र कुमार उपाध्याय |
| सम्पादक | : श्याम विहारी साह केशरी |
| कार्यकारी सम्पादक | : उमेश दुवे |
| समाचार सम्पादक | : आ.के. ठाकुर |
| कानुनी सल्लाहकार | : प्रभातचन्द्र दाहाल |
| कम्प्युटर अपरेटर | : कृष्णा गुप्ता |
| सम्पर्क नम्बर | : ९८४५२२६३०५ |
| सम्पर्क कार्यालय | : कलैया-१४, बघवन (बारा) |
| मुद्रक | : बारा प्रिन्टिङ्ग प्रेस, कलैया (बारा) |

shubharambhdaily@gmail.com


## सम्पादकीय...........

# कलैयाको शिक्षा प्राथमिकता माथि गम्भीर प्रश्न

कुनै पनि समाजको भविष्य विद्यालयमा निर्माण हुन्छ, र विद्यालयको आधार बालविकास शिक्षाबाट सुरु हुन्छ । बालबालिकाको प्रारम्भिक सिकाइ, ब्यवहारिक विकास, सामाजिक घुलमिल तथा विद्यालयप्रतिको आकर्षण निर्माण गर्ने जिम्मेवारी बालविकास सहजकर्ताहरुले निर्वाह गर्दै आएका छन् । तर विडम्बना, कलैया उपमहानगरपालिकामा कार्यरत १ सय १३ जना बालविकास सहजकर्ताहरु विगत छ महिनादेखि आफूले पाउनुपर्ने पारिश्रमिकबाट वञ्चित छन् । यो केवल तलब भुक्तानीको विषय मात्र होइन, स्थानीय सरकारको शिक्षा नीति, प्राथमिकता र संवेदनशीलतासँग जोडिएको गम्भीर सवाल हो ।

बालविकास सहजकर्ताहरुले राज्यले तोकेको जिम्मेवारीअनुसार दैनिक रुपमा विद्यालयमा उपस्थित भई बालबालिकाको सिकाइ प्रक्रियालाई सहज बनाइरहेका छन् । उनीहरु बालबालिकाको बौद्धिक तथा भावनात्मक विकासका मार्गदर्शक मात्र होइनन्, विद्यालय शिक्षाको पहिलो खुड्किलो मजबुत बनाउने आधारस्तम्भ पनि हुन् । तर यिनै जनशक्तिलाई महिनौंसम्म पारिश्रमिक नदिनु कुनै पनि जिम्मेवार स्थानीय सरकारका लागि सुहाउने विषय होइन ।

संघीय सरकारबाट उपलब्ध हुने रकम नियमित रुपमा वितरण भइरहे पनि स्थानीय तहबाट प्रदान गरिने मासिक ७ हजार रूपैयाँ छ महिनादेखि रोकिएको अवस्था आफैंमा गम्भीर लापरवाहीको संकेत हो । परिणामस्वरुप प्रत्येक सहजकर्ताको ४२ हजार रूपैयाँ बक्यौता पुगेको छ । आर्थिक रुपमा सामान्य परिवारबाट आएका अधिकांश सहजकर्ताहरु घरखर्च, स्वास्थ्य उपचार, छोराछोरीको शिक्षादेखि दैनिक जीवन सञ्चालनसम्मका समस्यामा परेका छन् । राज्यको सेवा गरिरहेका ब्यक्तिहरु आफैं जीवन धान्न संघर्ष गर्नुपर्ने अवस्था सिर्जना हुनु दुःखद पक्ष हो ।

उपमहानगरपालिकाले आन्तरिक स्रोतमा पर्याप्त आम्दानी नभएकाले भुक्तानी रोकिएको स्पष्टीकरण दिएको छ । तर प्रश्न उठ्छ—आर्थिक स्रोत अभाव भए पनि त्यसको पहिलो मार किन शिक्षासँग प्रत्यक्ष सम्बन्धित जनशक्तिमाथि पर्नुपर्छ ? विकास निर्माणका अन्य शीर्षकमा खर्च भइरहँदा प्रारम्भिक शिक्षाका सहजकर्ताहरुको पारिश्रमिकलाई किन प्राथमिकतामा राखिएन ? यस्ता प्रश्नहरुको जवाफ स्थानीय सरकारसँग हुनुपर्छ ।

स्थानीय सरकारको जिम्मेवारी केवल सडक, नाला र भवन निर्माणमा सीमित हुँदैन । शिक्षा, स्वास्थ्य र सामाजिक विकासजस्ता आधारभूत क्षेत्रको संरक्षण र प्रवर्द्धन पनि उत्तिकै महत्वपूर्ण दायित्व हो । विशेषगरी प्रारम्भिक बालशिक्षा जस्तो संवेदनशील क्षेत्रमा कार्यरत जनशक्तिको मनोबल खस्किने अवस्था आउन दिनु सुशासनको दृष्टिकोणबाट समेत उचित मान्न सकिँदैन ।

बालविकास सहजकर्ताहरु लामो समयदेखि न्यून पारिश्रमिकमा काम गर्दै आएका छन् । उनीहरुको सेवा-सुविधा सुधारका विषयमा राष्ट्रिय स्तरमै बहस भइरहेको बेला पाउनुपर्ने रकमसमेत रोक्नु अन्यायपूर्ण मात्र होइन, शिक्षा क्षेत्रमा समर्पित जनशक्तिप्रतिको उपेक्षा पनि हो । यसले उनीहरुको कार्यक्षमता, मनोबल र पेशाप्रतिको विश्वासमा नकारात्मक असर पार्न सक्छ । यदि यस्ता समस्या निरन्तर रहिरहे भने त्यसको असर केवल सहजकर्तामाथि मात्र सीमित रहने छैन । बालविकास केन्द्रको प्रभावकारिता घट्ने, सिकाइ वातावरण प्रभावित हुने र अन्ततः बालबालिकाले पाउने सेवाको गुणस्तरमा प्रत्यक्ष असर पर्नेछ । त्यसैले यो विषयलाई सामान्य प्रशासनिक समस्या भनेर टार्न मिल्दैन । कलैया उपमहानगरपालिकाले अब आश्वासनभन्दा माथि उठेर तत्काल बक्यौता भुक्तानीको ब्यवस्था गर्नुपर्छ । साथै भविष्यमा यस्ता समस्या दोहोरिन नदिन स्पष्ट आर्थिक योजना र बजेट ब्यवस्थापनको नीति अवलम्बन गर्न आवश्यक छ । बालबालिकाको भविष्य निर्माण गर्ने जिम्मेवारी बोकेका सहजकर्ताहरुको भविष्य नै अन्योलमा पारेर गुणस्तरीय शिक्षाको सपना पूरा हुन सक्दैन ।

शिक्षालाई प्राथमिकता दिने दाबी गर्ने स्थानीय सरकारले अब आफ्नो प्रतिबद्धता ब्यवहारमा देखाउने समय आएको छ । अन्यथा, बालविकास सहजकर्ताको पीडा केवल तलबको मुद्दा नभई स्थानीय सरकारको उत्तरदायित्वमाथिको प्रश्नका रुपमा अझ गम्भीर बन्नेछ ।

# बजेटमा कमजोर आत्मनिर्भरता



राजेश विद्रोही

ग्रामीण कृषि क्षेत्र, साना किसान तथा सर्वसाधारण नागरिकका जीवनसँग सम्बन्धित समस्या सम्बोधनमै बजेट कमजोर देखिन्छ ।

सरकारले आर्थिक वर्ष २०८३/०८४ का लागि २१ खर्ब २४ अर्ब ३४ करोड रुपैयाँको बजेट सार्वजनिक गरेको छ । बजेटलाई आर्थिक सुधार, उत्पादन वृद्धि, रोजगारी सिर्जना तथा सात प्रतिशत आर्थिक वृद्धि गर्ने आधारका रूपमा प्रस्तुत गर्योरु। तर पनि यसको कार्यान्वयन क्षमता र आत्मनिर्भर अर्थतन्त्र निर्माणप्रतिको प्रतिबद्धतामाथि पर्याप्त प्रश्नहरू खडा गरिदिएको छ । बजेटको आकार ठूलो भए पनि यसको करिब चार खर्ब रुपैयाँ कार्यान्वयनमै नआउने देखिन्छ । विगतका अनुभव हेर्दा १७ खर्ब रुपैयाँ हाराहारीमा मात्रै खर्च हुन सक्ने देखिन्छ । खर्च संरचनामा पनि पुँजीगत खर्चलाई प्राथमिकता दिएको देखाइए तापनि व्यवहारमा चालु र वित्तीय व्यवस्थापन खर्चकै हिस्सा बढी रहने सम्भावना देखिन्छ । किनभने बजेट कार्यान्वयन गर्ने संरचना नवीन छैन, पुरानै छ ।

कुल बजेटमध्ये ५९.८ प्रतिशत अर्थात् १२ खर्ब ७१ अर्ब रुपैयाँ चालु खर्चका लागि छुट्ट्याइएको छ। पुँजीगत खर्च ४ खर्ब ३१ अर्ब रुपैयाँ अर्थात् २०.३ प्रतिशतमा सीमित छ भने ऋणको साँवा-ब्याज भुक्तानीका लागि ४ खर्ब २२ अर्ब रुपैयाँ विनियोजन गरिएको छ । यसले विकासभन्दा राज्य सञ्चालन र ऋण व्यवस्थापनमै सरकारको ध्यान केन्द्रित रहेको संकेत गर्छ । स्रोत व्यवस्थापनतर्फ राजस्वबाट १४ खर्ब ४ अर्ब रुपैयाँ उठाउने लक्ष्य राखिएको छ भने वैदेशिक तथा आन्तरिक ऋणबाट करिब ६ खर्ब ५७ अर्ब रुपैयाँ जुटाउने योजना छ। यसरी हेर्दा कुल बजेटको करिब एकतिहाइ हिस्सा ऋणमा निर्भर देखिन्छ। किनभने हाम्रो जस्तो गरिबी र अल्पविकसित भनिएको देशमा हरेक सरकारका लागि ऋण र परनिर्भरता कर्म नै बनिसकेको देखिन्छ।

बजेटमा केही नीतिगत नयाँ कार्यक्रम समावेश गरिए पनि संरचनागत सुधारको स्पष्ट खाका देखिँदैन। पुरानै संरचनामा नयाँ लक्ष्यहरू घोषणा गरिएका छन् । यसले अर्थतन्त्रमा आमूल परिवर्तन ल्याउनेभन्दा पनि परम्परागत ढाँचालाई निरन्तरता दिने प्रयास बढी हुने देखिन्छ। प्रतिव्यक्ति आयमा हुने सामान्य वृद्धिलाई उपलब्धिका रूपमा प्रस्तुत गरिए पनि त्यसले आम नागरिकको जीवनस्तरमा उल्लेख्य सुधार ल्याउने आधार निर्माण गर्दैन ।

विशेषगरी ग्रामीण कृषि क्षेत्र, साना किसान तथा सर्वसाधारण नागरिकका जीवनसँग प्रत्यक्ष सम्बन्धित समस्याहरू सम्बोधन गर्न बजेट कमजोर देखिएको छ । नेपालको ठूलो जनसंख्या अझै कृषि क्षेत्रमा निर्भर रहँदा पनि कृषि उत्पादन, भण्डारण, प्रशोधन, बजार व्यवस्थापन तथा कृषि आधुनिकीकरणका लागि आवश्यक लगानी पर्याप्त छैन । कृषिलाई आत्मनिर्भरताको आधार भनिए पनि उत्पादन लागत घटाउने, किसानलाई न्यूनतम मूल्य सुनिश्चित गर्ने र कृषि उपजको बजार व्यवस्थापन गर्ने ठोस योजना बजेटमा देखिँदैन।

यो बजेटलाई पूर्णरूपमा सुधारको संकेतका रूपमा लिन सकिँदैन । कार्यान्वयनको संरचनागत अवस्था पुरानै चरित्रको भएका कारण चुनौती उत्तिकै छ।

अब सरकारको परीक्षा बजेट घोषणामा होइन, त्यसको प्रभावकारी कार्यान्वयनमा हुनेछ। किनभने जनताले भाषणभन्दा परिणाम खोजिरहेका छन् । नेपालले हरेक वर्ष अर्बौं रुपैयाँको खाद्यान्न, तरकारी, फलफूल, मासु तथा दुग्धजन्य पदार्थ आयात गरिरहेको अवस्था छ । आयात प्रतिस्थापनको कुरा बारम्बार गरिए पनि उत्पादन वृद्धि गर्ने ठोस कार्यक्रमको अभाव छ । कृषि अनुसन्धान, बिउ विकास, सिँचाइ विस्तार र कृषि बिमा प्रणालीलाई बलियो नबनाई आत्मनिर्भर कृषि अर्थतन्त्र निर्माण सम्भव हुँदैन । तर बजेटले यी क्षेत्रलाई अपेक्षित प्राथमिकता दिएको देखिँदैन। रोजगारी सिर्जनालाई बजेटको प्रमुख प्राथमिकता भनिए पनि युवालाई स्वदेशमै आकर्षित गर्ने खालका ठोस कार्यक्रम देखिँदैनन् । प्रत्येक वर्ष हजारौं युवा वैदेशिक रोजगारीमा जान बाध्य भइरहेका छन् । देशभित्र उत्पादनमूलक उद्योग, कृषि उद्यम, सूचना प्रविधि तथा नवप्रवर्तन क्षेत्रमा रोजगारी सिर्जना गर्ने वातावरण निर्माण नगरी बेरोजगारी समस्या समाधान हुन सक्दैन। युवा पलायनको गति रोक्न नसक्ने हो भने आर्थिक वृद्धिका लक्ष्यहरू कागजमै सीमित रहनेछन् ।

शिक्षा, स्वास्थ्य र विद्युत् क्षेत्रमा थप कर लगाउने निर्णय बजेटको सबैभन्दा विवादास्पद पक्ष बनेको छ । निजी विद्यालय तथा स्वास्थ्य संस्थाका सेवामा समता शुल्क लगाइएको छ भने ५० युनिटभन्दा बढी विद्युत् उपभोगमा करको व्यवस्था गरिएको छ। यसले अभिभावक वर्ग र मध्यम आय भएका परिवारमाथि थप आर्थिक भार सिर्जना गर्नेछ । राज्यले सार्वजनिक शिक्षा र स्वास्थ्य प्रणालीलाई बलियो बनाउन नसकेको अवस्थामा निजी क्षेत्रमाथिको कर अन्ततः सेवाग्राही नागरिकले नै तिर्नुपर्ने हुन्छ।

अहिले नेपालमा आत्मनिर्भरताको सबैभन्दा ठूलो सम्भावना जलविद्युत्, विद्युतीय प्रविधि तथा विद्युत् आधारित उपकरणहरूको क्षेत्रमा देखिन्छ । विद्युतीय उपकरण र विद्युतीय सवारीसाधनको प्रयोग विस्तार गरी ऊर्जा आत्मनिर्भरता हासिल गर्ने बहस चलिरहेका बेला विद्युत् क्षेत्रमै थप कर लगाउनु आत्मनिर्भर अर्थतन्त्र निर्माणको लक्ष्यसँग मेल खाँदैन । विद्युत् खपत बढाएर पेट्रोलियम पदार्थको आयात घटाउने राष्ट्रिय रणनीति रहेको अवस्थामा विद्युत् प्रयोगलाई महँगो बनाउने नीति विरोधाभासपूर्ण देखिन्छ । यस्तो अवस्थामा विद्युत्जन्य सामग्री तथा सेवामा कर वृद्धि गर्नुको सट्टा कर छुट, अनुदान र प्रोत्साहनका कार्यक्रम ल्याउनुपर्ने आवश्यकता थियो । सरकारले कर बढाउने नीति अवलम्बन गरेर आत्मनिर्भरताको आधार कमजोर बनाउने र परनिर्भरतालाई नै प्रश्रय दिने संकेत गरेको देखिन्छ । यसले विगतका सरकारहरूको नीतिगत निरन्तरताकै झल्को दिएको छ। तर सरकारले यो विषय सत्य नभएर मिडियाले भ्रम फैलाएको भनेर पछिल्लो प्रस्टीकरण दिएको छ ।

नेपालको व्यापार घाटा अझै पनि अर्थतन्त्रको सबैभन्दा ठूलो चुनौतीमध्ये एक हो। देशले निर्यातभन्दा धेरै गुणा बढी आयात गरिरहेको छ । बजेटमा निर्यात प्रवर्द्धनको कुरा गरिए पनि नेपाली उत्पादनलाई अन्तर्राष्ट्रिय बजारमा प्रतिस्पर्धी बनाउने स्पष्ट रणनीति देखिँदैन। उद्योगलाई कच्चा पदार्थ, ऊर्जा, पूर्वाधार र वित्तीय पहुँच सहज नबनाई निर्यात बढ्ने आधार कमजोर रहन्छ । सहकारी क्षेत्रमा देखिएको संकटले लाखौं बचतकर्तालाई प्रभावित बनाएको छ। धेरै नागरिकको जीवनभरको बचत जोखिममा परेको छ। बजेटले सहकारी सुधारको विषय उठाए पनि बचतकर्ताको विश्वास पुनर्स्थापित गर्ने स्पष्ट कार्ययोजना प्रस्तुत गर्न सकेको छैन । दोस्रो, सर्वसाधारण जनताको जीवन जोडिएको मिटरब्याजी समस्याको विषयमा बजेट मौन छ । वित्तीय प्रणालीप्रति जनविश्वास कमजोर भइरहेका बेला यस विषयमा ठोस हस्तक्षेप आवश्यक थियो ।

त्यस्तै, बैंक तथा वित्तीय संस्थाबाट कर्जा लिन कठिन हुने, ब्याजदर र सेवा शुल्कका विषयमा गुनासाहरू बढिरहेका छन् । निजी क्षेत्र लगानी विस्तारमा हिच्किचाइरहेको अवस्थामा लगानीमैत्री वातावरण निर्माण गर्नु सरकारको प्रमुख दायित्व हो । तर बजेटले निजी क्षेत्रलाई उत्साहित गर्ने पर्याप्त नीतिगत स्पष्टता दिन सकेको देखिँदैन। दोस्रो, सरकारी निकायलाई पनि विश्वासिलो र भरपर्दो बनाउन सकेको छैन । निजीकरणलाई निरुत्साहित गर्दै जाने वा सामुदायिकीकरण वा जनसेवामूलक विधिमा ढाल्ने, साथै सरकारी निकायलाई जिम्मेवार, जनउत्तरदायी तथा विश्वासिलो कसरी बनाउँदै जाने भन्ने रोडम्याप क्लियर छैन। संघीयता कार्यान्वयनको सन्दर्भमा पनि बजेट अपेक्षाभन्दा कमजोर देखिन्छ । संविधानले स्थानीय र प्रदेश सरकारलाई विकासको प्रमुख आधार मानेको छ। तर बजेट निर्माण र कार्यान्वयनमा अझै पनि अत्यधिक केन्द्रीकरण कायम छ। स्थानीय तहहरूलाई पर्याप्त स्रोत, अधिकार र योजना छनोटको स्वतन्त्रता नदिई सन्तुलित विकास सम्भव हुँदैन । जनताको प्रत्यक्ष सहभागिता र निगरानीमा बजेट प्रयोग हुन आवश्यक छ ।

आत्मनिर्भर अर्थतन्त्र निर्माणमा स्थानीय उत्पादन र स्थानीय सरकारको भूमिका महत्त्वपूर्ण हुन्छ। गाउँ र नगरस्तरमा उत्पादन, रोजगारी र उद्यमशीलता विस्तार गर्ने कार्यक्रमहरू पर्याप्त रूपमा देखिँदैनन् । स्थानीय तहलाई उत्पादन केन्द्रित बनाउने नीतिको अभावमा संघीयताको आर्थिक पक्ष कमजोर रहने देखिन्छ । बजेटले कर्मचारीहरूको तलब वृद्धि गरेको छ । तर बेरोजगार युवा, श्रमिक, किसान र असंगठित क्षेत्रका नागरिकका लागि आय वृद्धि गर्ने वा रोजगारी दिएर आत्मनिर्भर बनाउने खालका प्रभावकारी र दीर्घकालीन कार्यक्रम भने देखिँदैनन् । यसले औपचारिक क्षेत्रमा आबद्ध सीमित वर्गलाई राहत दिने तर ठूलो जनसंख्यालाई प्रत्यक्ष लाभ नपुग्ने अवस्था सिर्जना गरेको छ । सकारात्मक पक्षमा हेर्दा औद्योगिक क्षेत्र, सूचना प्रविधि, पर्यटन, ऊर्जा तथा खनिज क्षेत्रलाई प्राथमिकता दिइएको छ।

कृत्रिम बौद्धिकता (एआई), सूचना प्रविधि निर्यात तथा नवप्रवर्तनलाई प्रोत्साहन गर्ने घोषणा गरिएको छ। नेपालका युवामा बढ्दो डिजिटल क्षमता र विश्वव्यापी आईटी बजारलाई हेर्दा यो सम्भावनायुक्त क्षेत्र हो । तर घोषणालाई व्यवहारमा रूपान्तरण गर्न आवश्यक पूर्वाधार, सीप विकास र लगानी आवश्यक पर्छ । पर्यटन क्षेत्रलाई विदेशी मुद्रा आर्जनको प्रमुख स्रोत मानिन्छ। तर पर्यटन प्रवर्द्धनका लागि आवश्यक पूर्वाधार, अन्तर्राष्ट्रिय प्रचार र सेवाको गुणस्तर सुधारका विषयमा अपेक्षित लगानी देखिँदैन । नेपालमा पर्यटन विस्तारको ठूलो सम्भावना भए पनि नीतिगत अस्थिरता र पूर्वाधारको अभावले त्यसको पूर्ण उपयोग हुन सकेको छैन ।

शिक्षा र स्वास्थ्य क्षेत्रका केही सुधार कार्यक्रम तथा कर्णाली, मधेश र सुदूरपश्चिम प्रदेशलाई विशेष प्राथमिकतामा राखिएको छ। सुशासन र कानुनी शासनलाई बलियो बनाउन विद्युतीय अदालत व्यवस्थापन प्रणाली विस्तार, अनुसन्धानमा प्रविधिको प्रयोग, राष्ट्रिय सुरक्षा नीतिको पुनरावलोकन तथा विपद् व्यवस्थापनलाई सुदृढ बनाउने कार्यक्रम पनि बजेटमा समावेश गरिएका छन्। तर मधेसको महत्त्वपूर्ण हुलाकी सडक तथा सिरहा-धनुषा जोड्ने कमला पुलजस्ता बहुप्रतीक्षित आयोजनालाई बजेटले पर्याप्त सम्बोधन गरेको देखिँदैन । वर्षौंदेखि निर्माणको प्रतीक्षामा रहेका यस्ता आयोजना विकासको प्राथमिकतामा नपर्नु क्षेत्रीय असन्तुलनको संकेत हो । चुनावका बेला गरिएका प्रतिबद्धताहरू बजेटमा प्रतिविम्बित नहुँदा जनतामा निराशा बढ्नु स्वाभाविक हो।

बजेटको अर्को महत्त्वपूर्ण प्रश्न यसको कार्यान्वयन क्षमता हो । नेपालमा विगतका धेरै बजेटहरू घोषणामै सीमित भएका छन्। वर्षको अन्त्यमा हतारमा खर्च गर्ने प्रवृत्ति, कमजोर अनुगमन, ढिलासुस्ती र प्रशासनिक जटिलताले विकास खर्च प्रभावकारी हुन सकेको छैन। यही समस्या दोहोरिने हो भने यस वर्षका महत्त्वाकांक्षी लक्ष्यहरू पनि पूरा हुन कठिन हुनेछ। यद्यपि बजेटको वास्तविक सफलता यसको कार्यान्वयनमा निर्भर रहनेछ। सरकारले लक्ष्यअनुसार ७ प्रतिशत आर्थिक वृद्धि हासिल गर्न निजी क्षेत्रबाट ठूलो लगानी आकर्षित गर्नु पर्नेछ । बैंक तथा वित्तीय क्षेत्रको सकारात्मक भूमिका र लगानीमैत्री वातावरणबिना यस्तो लक्ष्य प्राप्त गर्न कठिन देखिन्छ । किनभने यही क्षेत्रबाट पनि सर्वसाधारण जनता वित्तीय दबाबको सामना गरिरहेका छन्।

समग्रमा बजेटमा केही सकारात्मक संकेत अवश्य छन्। तर, आत्मनिर्भर अर्थतन्त्र निर्माण, कृषि रूपान्तरण, आयात प्रतिस्थापन, रोजगारी सिर्जना, निर्यात वृद्धि, संघीयताको आर्थिक सुदृढीकरण तथा जनजीवनमा प्रत्यक्ष राहत पुर्‍याउने विषयमा अपेक्षाअनुसार स्पष्टता र साहसिक पहल देखिँदैन । आत्मनिर्भरता भाषण र नाराबाट होइन, उत्पादन, उद्यमशीलता, रोजगारी र स्थानीय अर्थतन्त्रको सबलीकरणबाट हासिल हुन्छ। दुर्भाग्यवश, यस बजेटमा त्यस्तो रूपान्तरणकारी दृष्टि पर्याप्त रूपमा प्रतिविम्बित भएको देखिँदैन । त्यसैले यो बजेटलाई पूर्ण रूपमा सुधारको संकेतका रूपमा लिन सकिँदैन। कार्यान्वयनको संरचनागत अवस्था पुरानै चरित्रको भएका कारण चुनौती उत्तिकै छ । अब सरकारको परीक्षा बजेट घोषणामा होइन, त्यसको प्रभावकारी कार्यान्वयनमा हुनेछ । किनभने जनताले भाषणभन्दा परिणाम खोजिरहेका छन् । विगतको सरकारभन्दा यो सरकार नबोली केही गरेर देखाउने छनक सुरुदेखि नै देखाउँदै आएको छ। काम गर्दै जाँदा केही कमीकमजोरी हुन सक्छन्। यसर्थ, हामीले यसको धेरै आलोचना गर्नुभन्दा परिवर्तन हेर्ने अपेक्षाका रूपमा लिनुपर्ने देखिन्छ। बाँकी परिणामले नै देखाउने छ ।


विज्ञापनको लागि हामीलाई सम्झिनुहोस् ।
सम्पर्क नम्बर : ९८४५२२६३०५

## अन्तराष्ट्रिय समाचार

# इरान-अमेरिका तनाव फेरि चुलियो, दुवै पक्षबाट सैन्य लक्ष्यमा आक्रमण

***दुबई-*** इरान र संयुक्त राज्य अमेरिकाबीचको तनाव पुनः तीव्र बन्दै जाँदा दुवै पक्षले एकअर्काका सैन्य तथा रणनीतिक लक्ष्यहरूमा आक्रमण गरेका छन् ।

अमेरिकी सेनाले इरानका राडार र ड्रोन नियन्त्रण साइटहरूमा हवाई आक्रमण गरेको पुष्टि गरेको छ भने इरानले अमेरिकी ड्रोन खसालेको र जबाफी कारबाही गरेको स्वीकार गरेको छ । यसैबीच कुवेतले आफ्नो हवाई सुरक्षाले ड्रोन र क्षेप्यास्त्र आक्रमणहरूलाई रोक्न सफल भएको जनाएको छ।

अमेरिकी सेनाका अनुसार यो पछिल्लो कारबाही इरानद्वारा अन्तर्राष्ट्रिय जलक्षेत्रमा सञ्चालन भइरहेको अमेरिकी एमक्यू-१ प्रिडेटर ड्रोनलाई खसालेको घटनाको प्रतिक्रियास्वरूप गरिएको हो। इरानले सप्ताहन्तमा सो ड्रोनलाई निशाना बनाएको थियो । त्यसपछि क्षेत्रीय तनाव थप बढेको बताइएको छ ।

अमेरिकी सेन्ट्रल कमान्डले शनिबार र आइतबार इरानको गेरुक सहर र केशम टापु आसपासका क्षेत्रहरूमा लक्षित आक्रमण गरिएको जानकारी दिएको छ । कमान्डका अनुसार यी आक्रमणहरू 'मापन गरिएको र योजनाबद्ध' थिए र इरानका आक्रामक गतिविधिहरूको प्रतिउत्तरस्वरूप गरिएको हो ।



सेन्ट्रल कमान्डद्वारा जारी वक्तव्यमा भनिएको छ, 'अन्तर्राष्ट्रिय जलक्षेत्रमा सञ्चालन भइरहेको अमेरिकी एमक्यू-१ ड्रोनमाथि भएको आक्रमणलगायतका इरानी आक्रामक कार्यहरूको प्रतिक्रियामा यी आक्रमणहरू गरिएको हो ।'

उक्त वक्तव्यमा भनिएको छ, 'अमेरिकी लडाकू विमानहरूले इरानका हवाई रक्षा प्रणाली, एउटा ग्राउन्ड कन्ट्रोल स्टेशन तथा दुईवटा एकतर्फी आक्रमण ड्रोनहरू नष्ट गरेका छन्, जसले क्षेत्रीय जलमार्गमा चलिरहेका जहाजहरूका लागि खतरा उत्पन्न गरिरहेको थियो ।'

अमेरिकी सेनाले आक्रमणमा कुनै पनि अमेरिकी सैनिकको हताहत नभएको स्पष्ट पारेको छ। यद्यपि प्रिडेटर ड्रोन हाल सेवाबाट हटाइए पनि अमेरिकी सेना अझै पनि यसको प्रयोग सीमित रूपमा गर्दै आएको उल्लेख गरिएको छ ।

यता इरानले पनि अमेरिकी कारबाहीको जबाफी प्रतिक्रिया दिएको जनाएको छ। इरानी रिभोलुसनरी गार्डले राज्य सञ्चालित आइआरएनए समाचार एजेन्सीमार्फत जारी गरेको वक्तव्यमा अमेरिकी सेनाले एउटा टापुस्थित टेलिकम्युनिकेसन टावरलाई निशाना बनाएको दाबी गरिएको छ । यद्यपि उक्त घटनाको विस्तृत स्थानबारे स्पष्ट जानकारी दिइएको छैन ।

इरानले अमेरिकी ड्रोन खसालिएको घटनालाई आफ्नो हवाई सुरक्षा प्रणालीको सफल कदमका रूपमा प्रस्तुत गरेको छ भने अमेरिका र इरान दुवैले आ-आफ्नो कारबाहीलाई 'जबाफी र आवश्यक' भन्दै व्याख्या गरेका छन् ।

यसबीच कुवेतले पनि सोमबार बिहान आफ्नो हवाई सुरक्षाले देशतर्फ प्रवेश गरिरहेका ड्रोन र क्षेप्यास्त्रहरूलाई रोक्न सफल भएको जनाएको छ । कुवेती अधिकारीहरूले तत्कालै सुरक्षा सतर्कता बढाइएको र सम्भावित क्षतिबाट जोगिन सक्रिय कदम चालिएको बताएका छन् ।

क्षेत्रीय रूपमा फैलिँदो यो तनाव इरान युद्धपछिको एक हप्ते युद्धविरामको कमजोर अवस्थासँग जोडिएको देखिन्छ । युद्धविराम कायम राख्ने प्रयास भइरहे पनि बारम्बार आक्रमण र प्रतिआक्रमणले अवस्था थप जटिल बन्दै गएको छ ।

यसैबीच इरानले हर्मुज जलघाँटीमा आफ्नो नियन्त्रण कायम राखिरहेको बताइएको छ। यो जलघाँटी विश्वव्यापी ऊर्जा आपूर्तिको अत्यन्त महत्त्वपूर्ण मार्ग हो । पर्सियन खाडीको साँघुरो मुखबाट विश्वको करिब पाँचौं हिस्सा तेल र प्राकृतिक ग्यास ढुवानी हुने भएकाले यो क्षेत्र अन्तर्राष्ट्रिय चासोको केन्द्रमा रहेको छ ।

उता इजरायल र हिजबुल्लाहबीचको तनाव पनि निरन्तर बढिरहेको छ । इजरायलले लेबनानमा लिटानी नदीभन्दा परसम्म आफ्नो सैन्य कारबाही विस्तार गरिरहेको छ भने इरान समर्थित हिजबुल्लाहले इजरायलतर्फ ड्रोन आक्रमण जारी राखेको छ, जसले क्षेत्रीय अस्थिरता अझ गहिरो बनाएको छ ।

# कांग्रेस..........

स्थानीय राजनीतिक जानकारहरूका अनुसार यस घटनाले आगामी स्थानीय, प्रदेश तथा संघीय निर्वाचनको समीकरणमा समेत प्रभाव पार्न सक्छ । विशेषगरी युवा मतदाता र परम्परागत राजनीतिक परिवारभित्र देखिएको नयाँ राजनीतिक झुकावले आगामी दिनमा दलहरूको रणनीति परिवर्तन गर्न बाध्य पार्न सक्ने उनीहरूको विश्लेषण छ।

यद्यपि यो घटनाले अर्को प्रश्न पनि जन्माएको छ । राजनीतिक दलहरू विचार, सिद्धान्त र संगठनात्मक प्रतिबद्धताबाट चल्ने कि केवल व्यक्तिगत अवसर र नेतृत्व प्राप्तिको माध्यम बन्ने ? एउटै परिवारका प्रभावशाली सदस्यहरू फरक-फरक दलको नेतृत्वमा पुग्नु लोकतान्त्रिक स्वतन्त्रताको अभ्यास भए पनि यसले राजनीतिक विचारधारा र निष्ठाको प्रश्नलाई पुनः सतहमा ल्याएको छ। कलैयाको राजनीतिक वृत्तमा अहिले यही विषय चर्चाको केन्द्रमा छ । कांग्रेसको इकाइ सभापतिको घरबाट रास्वपाको नगर अध्यक्ष उदाएपछि स्थानीय राजनीतिक समीकरणमा नयाँ तरंग पैदा भएको छ। यसको प्रभाव आगामी दिनमा संगठन निर्माण, कार्यकर्ता व्यवस्थापन र निर्वाचन राजनीतिमा कति गहिरोसँग देखिनेछ, त्यो भने समयले नै बताउनेछ।

# तीन दशक.........

गम्भीरतापूर्वक लिएको देखिँदैन । सरोकारवालाहरू सरकारले कानमा तेल हालेर बसेको भन्दै कडा आलोचना गरिरहेका छन् ।

यसका साथै मुस्लिम समुदायको हकहितका लागि स्थापित संवैधानिक निकाय मुस्लिम आयोग माथि पनि प्रश्न चिह्न खडा भएको छ। आयोग केवल राजनीतिक भर्ती केन्द्र बनेको छ यसले सरकारलाई आवश्यक दबाब दिन सकेन एक मदरसा सञ्चालकले गुनासो गरे । मुस्लिम समुदायलाई केवल भोट बैंकको रूपमा मात्र प्रयोग गरिएको र भर्खरै सार्वजनिक भएको बजेटले पनि मदरसा शिक्षाका लागि कुनै ठोस योजना नल्याउँदा यस क्षेत्रमा चरम निराशा छाएको छ ।

***बेरोजगारीको चरम संकट***

मदरसाबाट दीक्षित हुने वर्षेनी हजारौं युवा-युवतीहरू सरकारी मान्यताको अभावमा शिक्षित बेरोजगार बन्न पुगेका छन्। एकातिर विद्यालयहरूको भौतिक पूर्वाधार जीर्ण छ भने अर्कोतिर यहाँबाट प्राप्त शैक्षिक प्रमाणपत्रले सरकारी सेवामा प्रवेश पाउन कठिन छ। राज्यको यो दोहोरो नीतिले हजारौं छात्र-छात्राहरूको भविष्य अन्धकारतर्फ धकेलिरहेको भन्दै नागरिक समाजले चिन्ता व्यक्त गरेको छ। गणतान्त्रिक मुलुकमा सबै समुदायका शैक्षिक संस्थालाई समान व्यवहार गर्नुपर्नेमा धार्मिक आधारमा मदरसाहरूलाई पाखा लगाइनुले लोकतन्त्रकै उपहास भएको विश्लेषण हुन थालेको छ।

# फरार मेयरको खोजी तीव्र, स्वकीय सचिव अदालत परिसरबाट नियन्त्रणमा

***वीरगंज, १८ जेठ***

वीरगंज महानगरपालिकाका प्रमुख राजेशमान सिंहविरुद्ध अदालतबाट पक्राउ पुर्जी जारी भएपछि उनको खोजीलाई प्रहरीले तीव्र बनाएको छ। यसै क्रममा सोमबार सिंहका स्वकीय सचिव सत्यराज घिमिरेलाई पर्सा जिल्ला अदालत परिसरबाट नियन्त्रणमा लिएर सोधपुछ गरिएको छ । प्रहरी स्रोतका अनुसार सादा पोसाकमा खटिएको टोलीले घिमिरेलाई अदालत परिसरबाट नियन्त्रणमा लिएर जिल्ला प्रहरी कार्यालय पर्सा पुऱ्याएको हो । फरार रहेका महानगर प्रमुख सिंहको अवस्थिति तथा उनीसँग सम्बन्धित केही विषयमा जानकारी लिन घिमिरेलाई कार्यालयमा ल्याइएको बताइएको छ ।

जानकारीअनुसार महानगर प्रमुख सिंह अदालतमा उपस्थित हुन सक्ने सम्भावनालाई मध्यनजर गर्दै उनका स्वकीय सचिव घिमिरे सोमबार बिहान अदालत पुगेका थिए । सोही क्रममा प्रहरीले उनलाई नियन्त्रणमा लिएर आवश्यक सोधपुछ सुरु गरेको हो ।

जिल्ला प्रहरी कार्यालय पर्साका प्रवक्ता प्रहरी नायब उपरीक्षक हरिबहादुर बस्नेतले घिमिरेलाई केही विषयमा



जानकारी लिनका लागि प्रहरी कार्यालयमा ल्याइएको पुष्टि गरेका छन् । उनका अनुसार हाल सम्बन्धित विषयमा आवश्यक अनुसन्धान र सोधपुछ भइरहेको छ ।

यसबीच अदालतबाट पक्राउ पुर्जी जारी भइसकेपछि पनि महानगर प्रमुख सिंह सार्वजनिक रूपमा उपस्थित नभएको तथा प्रहरीको पहुँचबाहिर रहेको विषयले चर्चा पाएको छ। कानुनी प्रक्रियामा सहयोग गर्नुको सट्टा फरार रहनुले स्थानीय तहको नेतृत्वमाथि नै प्रश्न उठाएको भन्दै विभिन्न क्षेत्रबाट टिप्पणीसमेत हुन थालेको छ।

प्रहरीले अदालतको आदेश कार्यान्वयन गराउने दायित्वअनुसार सिंहको खोजी कार्यलाई निरन्तरता दिइरहेको जनाएको छ। कानुनभन्दा माथि कोही पनि नहुने सिद्धान्तअनुसार अदालतको आदेश पालना गराउन आवश्यक सबै प्रक्रिया अगाडि बढाइने प्रहरीको भनाइ छ ।

घटनाक्रमले स्थानीय राजनीति र प्रशासनिक वृत्तमा नयाँ बहस सिर्जना गरेको छ भने अदालतको आदेश कार्यान्वयन तथा कानुनी शासनको प्रभावकारिताबारे पनि चासो बढाएको छ ।

# वीरगंजका डेरी र मिठाई पसलमा मोबाइल ल्याबसहित अनुगमन, दूधमा सोडा मिसावट भेटिएपछि नष्ट

***वीरगंज, १८ जेठ***

खाद्य पदार्थमा हुने मिसावट नियन्त्रण तथा उपभोक्ताको स्वास्थ्य सुरक्षालाई सुनिश्चित गर्ने उद्देश्यले वीरगंजमा मोबाइल खाद्य परीक्षण प्रयोगशालासहित संयुक्त बजार अनुगमन गरिएको छ । अनुगमनका क्रममा एक डेरी उद्योगको दूधमा सोडा मिसावट भेटिएपछि उक्त दूध नष्ट गरिएको छ ।

खाद्य प्रविधि तथा गुण नियन्त्रण क्षेत्रीय कार्यालय जनकपुरबाट आएको मोबाइल ल्याब भ्यानसहितको टोलीले सोमबार वीरगञ्जका विभिन्न डेरी उद्योग तथा मिठाई पसलहरूमा अनुगमन गरेको हो। जिल्ला प्रशासन कार्यालय पर्साका सहायक प्रमुख जिल्ला अधिकारी कृष्ण थापाको संयोजकत्वमा गरिएको अनुगमनमा खाद्य गुणस्तर, स्वच्छता र उपभोक्ता सुरक्षासम्बन्धी विषयमा विशेष निगरानी गरिएको थियो । अनुगमनका क्रममा वीरगंजको पानीटंकी क्षेत्रमा सञ्चालित मंगलम डेरीबाट नमुना संकलन गरी परीक्षण गर्दा दूधमा सोडा मिसावट भएको पाइएको टोलीले जनाएको छ । परीक्षणपछि मिसावट पुष्टि भएपछि करिब २० लिटर दूध तत्काल नष्ट




गरिएको सहायक प्रमुख जिल्ला अधिकारी थापाले जानकारी दिए ।

खाद्य विशेषज्ञहरूका अनुसार दूधलाई लामो समयसम्म ताजा देखाउन वा बिग्रिन नदिन केही व्यापारीहरूले अवैध रूपमा सोडा प्रयोग गर्ने गरेका छन्। यस्ता रसायनको प्रयोगले उपभोक्ताको स्वास्थ्यमा प्रतिकूल असर पार्न सक्ने भएकाले कानुनले निषेध गरेको छ।

अनुगमनमा खाद्य प्रविधि तथा गुण नियन्त्रण डिभिजन कार्यालय पर्सा, उपभोक्ता हित संरक्षण मञ्च नेपाल पर्सा, जिल्ला प्रहरी कार्यालय पर्सा तथा वाणिज्य, आपूर्ति तथा उपभोक्ता संरक्षण कार्यालय वीरगञ्जका प्रतिनिधिहरूको सहभागिता रहेको थियो ।

टोलीले डेरी उद्योग, मिठाई पसल तथा खाद्य सामग्री बिक्री गर्ने अन्य व्यवसायहरूमा समेत गुणस्तर परीक्षणलाई निरन्तरता दिइने जनाएको छ । उपभोक्ताले सुरक्षित, स्वच्छ र गुणस्तरीय खाद्य वस्तु उपभोग गर्न पाउने अधिकार सुनिश्चित गर्न यस्ता अनुगमनलाई थप प्रभावकारी बनाइने सम्बन्धित निकायले जनाएको छ ।

पछिल्लो समय बजारमा खाद्य मिसावटसम्बन्धी गुनासो बढिरहेका बेला मोबाइल ल्याबमार्फत स्थलमै परीक्षण गरी तत्काल कारबाही गर्न सकिने व्यवस्थाले उपभोक्ता संरक्षण अभियानलाई थप प्रभावकारी बनाएको सरोकारवालाहरूको भनाइ छ।


## जनहितमा जारी सन्देश

- सडकको छेउ किनारामा निर्माण सामाग्रीहरु नराखौ ।
- घर निर्माण नदी घर नक्सा पास गरेर मात्र निर्माण कार्य शुरू गरौ ।
- सार्वजनिक स्थलमा छाडा चौपाय नछाडौ ।
- बाल श्रमको प्रयोग नगरौ नगराऔ ।
- जेष्ठ नागरिकको सम्मान गरौ ।
- अफ्नो घर परिसरमा कम्तीमा १ वटा बहु वार्षीय रुख बिरूवा रोपौ ।
- महिला हिंसा अन्त्यका लागि आफ्नो ठाउँबाट काम गरौ ।
- फोहोर बोक्ने सवारी साधान आएको बखत मात्र फोहोर बाहिर निकालौ ।
- जथाभावी फोहोर नगरौ ।
- भुकम्प प्रतिरोधि घर निर्माण गरौ ।

फतुवा विजयपुर नगरपालिका, लक्ष्मिनिया (दो.) रौतहट

## गौर प्राथमिक कान उपचार केन्द्र

गौर - १, रौतहट

यहाँ कान सम्बन्धी विभिन्न रोगको अनुभवी डाक्टर तथा आधुनिक मेशिन द्वारा उपचार गरिन्छ



सम्पर्क नं - + ९७७ ९८५११९१०५०,९८४४४४४३४७
इंडियन नं :- +91 8935959150

सम्पर्क स्थान :- जिल्ला प्रशासन कार्यालय गौर दक्षिण तर्फ , शिवालय मंदिर से उत्तर

तपाईले तिरेको कर तपाईकै टोल आँगनको बिकासको लागि, त्यसैले जागरुक बनौ कर तिरौ । - बहुदरमाई नगरपालिका पर्सा

# पत्रकार सिकेन्द्र पासवान राष्ट्रिय पत्रकारिता पुरस्कारबाट सम्मानित

*उपेन्द्र पासवान*
*बारा, १८ जेठ*



राष्ट्रिय दलित पत्रकार संघ नेपालको दोस्रो राष्ट्रिय महाधिवेशन काठमाडौंको चन्द्रागिरीमा भव्य रूपमा सम्पन्न भएको छ । महाधिवेशनले दलित समुदायका पत्रकारहरूको हक–अधिकार, पेशागत सुरक्षा, क्षमता अभिवृद्धि तथा समावेशी सञ्चार क्षेत्र निर्माणका विषयमा व्यापक छलफल गर्दै विभिन्न महत्वपूर्ण निर्णयहरू गरेको जनाएको छ ।

देशभरबाट सहभागी भएका दलित पत्रकार, सञ्चारकर्मी तथा सरोकारवालाहरूको उपस्थितिमा सम्पन्न महाधिवेशनले सञ्चार क्षेत्रमा दलित समुदायको प्रतिनिधित्व अझ प्रभावकारी बनाउनुपर्ने आवश्यकता औंल्याएको थियो । सहभागीहरूले सञ्चारमाध्यममा समावेशीता, समान अवसर र सामाजिक न्याय सुनिश्चित गर्न राज्य तथा सञ्चार संस्थाहरूले थप जिम्मेवारी निर्वाह गर्नुपर्ने धारणा व्यक्त गरेका थिए ।

महाधिवेशनकै अवसरमा नेपाल पत्रकार महासंघका केन्द्रीय सदस्य सिकेन्द्र पासवान लाई 'राम शोभी सामाजिक राष्ट्रिय पत्रकारिता पुरस्कार–२०८३' प्रदान गरिएको छ । पत्रकारिता क्षेत्रमार्फत दलित समुदायका मुद्दा, सामाजिक विभेद, समावेशिता तथा सामाजिक न्यायका विषयलाई निरन्तर सशक्त रूपमा उठाउँदै आएको योगदानको कदर गर्दै उहाँलाई उक्त सम्मान प्रदान गरिएको आयोजकले जनाएको छ ।

पुरस्कार ग्रहणपछि पासवानले सम्मानले आफ्नो जिम्मेवारी थप बढाएको बताउँदै समाजका पछाडि पारिएका समुदायका आवाजलाई अझ प्रभावकारी रूपमा उठाउने प्रतिबद्धता व्यक्त गर्नुभयो । उहाँले पत्रकारिता केवल पेशा मात्र नभई सामाजिक परिवर्तनको माध्यम भएको उल्लेख गर्दै न्याय, समानता र समावेशीताका पक्षमा निरन्तर कलम चलाइरहने बताउनुभयो ।

महाधिवेशनमा वक्ताहरूले दलित समुदायका सवाललाई मूलधारको सञ्चारमाध्यममा पर्याप्त स्थान दिनुपर्नेमा जोड दिएका थिए । उनीहरूले लोकतान्त्रिक समाज निर्माणका लागि समावेशी सञ्चार प्रणाली अपरिहार्य रहेको धारणा राखेका थिए । पत्रकार पासवान सम्मानित भएपछि सञ्चार क्षेत्र, विभिन्न सामाजिक संघसंस्था तथा नागरिक समाजका प्रतिनिधिहरूले उहाँलाई बधाई तथा शुभकामना व्यक्त गरेका छन् । उनीहरूले उहाँको सम्मानले दलित पत्रकारिता आन्दोलनलाई थप ऊर्जा प्रदान गर्ने विश्वास व्यक्त गरेका छन् । राष्ट्रिय दलित पत्रकार संघ नेपालको दोस्रो महाधिवेशनले संगठन सुदृढीकरण, पत्रकारहरूको पेशागत क्षमता अभिवृद्धि तथा सामाजिक न्यायका पक्षमा थप प्रभावकारी भूमिका निर्वाह गर्ने प्रतिबद्धतासहित आफ्नो कार्यक्रम सम्पन्न गरेको जनाएको छ ।

# अवैध रुपमा ओसारपसार हुँदै गरेका १० भैंसीका पाडोसहित बोलेरो नियन्त्रणमा, तीन जना पक्राउ

*राजन कुमार बानियाँ*
*पर्सा, १८ जेठ*



पर्साको सखुवा प्रसौनी गाउँपालिका–६ स्थित लखनपुर चोकबाट प्रहरीले अवैध रूपमा ओसारपसार हुँदै गरेका १० वटा भैंसीका पाडोसहित एउटा बोलेरो गाडी र त्यसमा सवार तीन जनालाई नियन्त्रणमा लिएको छ ।

इलाका प्रहरी कार्यालय पोखरियाबाट प्रहरी निरीक्षक प्रदीप पौडेलको नेतृत्वमा खटिएको विशेष प्रहरी टोलीले सोमबार राति करिब १:४५ बजे पश्चिमबाट पूर्वतर्फ आउँदै गरेको प्रदेश ०२–०३–००१ च ४००३ नम्बरको बोलेरो गाडीलाई शंका लागेर जाँच गरेको थियो । जाँचका क्रममा गाडीमा बिना बिलबिजक राजस्व छली गरी ओसारपसार गरिँदै गरेका १० वटा भैंसीका पाडो फेला परेको प्रहरीले जनाएको छ ।

जिल्ला प्रहरी कार्यालय पर्साका अनुसार नियन्त्रणमा पर्नेहरूमा पर्साको कालिकामाई गाउँपालिका–५ निवासी ३५ वर्षीय विजय शर्मा, धोबिनी गाउँपालिका–३ निवासी ६१ वर्षीय विकरमा राउत कुर्मी तथा धोबिनी गाउँपालिका–५ निवासी ५५ वर्षीय होडा देवान रहेका छन् ।

प्रहरीले नियन्त्रणमा लिएका भैंसीका पाडो, बोलेरो गाडी तथा तीनै जनालाई थप अनुसन्धान तथा आवश्यक कानुनी कारबाहीका लागि वीरगञ्ज भन्सार कार्यालय पठाएको जनाएको छ ।

सीमावर्ती क्षेत्रमा पछिल्लो समय अवैध रूपमा पशुचौपाया तथा विभिन्न सामग्रीको ओसारपसार बढ्दै गएको गुनासोबीच प्रहरीले निगरानी तथा चेकजाँचलाई थप कडाइ गरेको बताएको छ । इलाका प्रहरी कार्यालय पोखरियाले यस्ता गैरकानुनी गतिविधिविरुद्ध अभियानलाई निरन्तरता दिइने जनाएको छ ।

# गौर आँखा अस्पतालमा बिरामीको चाप उच्चः एकै दिन ८०० जनाले लिए सेवा

*शु. आ. सम्वाददाता*
*रौतहट, १८ जेठ*



मधेस प्रदेशकै अग्रणी स्वास्थ्य संस्थाको रूपमा चिनिएको नेपाल नेत्र ज्योति संघद्वारा सञ्चालित गौर आँखा अस्पतालमा पछिल्लो समय बिरामीको चाप उल्लेख्य रूपमा वृद्धि भएको छ ।

अस्पताल प्रशासनका अनुसार यस वर्षकै सर्वाधिक चाप रेकर्ड गर्दै सोमबार एकै दिन करिब ८०० जना बिरामीले आँखाको परीक्षण तथा उपचार सेवा लिएका छन् ।

पछिल्लो समय बढ्दो गर्मी र धुलोका कारण आँखाका बिरामी बढेको अनुमान गरिएको छ । अस्पतालका प्रशासक नागेश्वर प्रसाद चौधरीले बिरामीको चापलाई मध्यनजर गर्दै सेवा प्रवाहलाई थप व्यवस्थित बनाइएको जानकारी दिए ।

अस्पतालले सेवाग्राहीको सहजताका लागि साते दिन ओपिडी सेवा सञ्चालन गर्दै आएको छ । प्रशासक चौधरीका अनुसारः

शल्यक्रिया शनिबारबाहेक हप्ताको ६ दिन नियमित शल्यक्रिया सेवा उपलब्ध छ । आकस्मिक सेवा दुर्घटना वा गम्भीर समस्याका लागि २४सै घण्टा आकस्मिक सेवा सञ्चालनमा रहेको छ ।

भारतीय बिरामीका लागि विशेष सहजता

नेपाल–भारत सीमा नजिक रहेको यस अस्पतालमा उपचारका लागि भारतीय नागरिकहरूको पनि ठूलो आकर्षण रहेको छ । भारतीय बिरामीहरूको पहुँचलाई सरल बनाउन अस्पताल प्रशासनले विशेष पहल गरेको छ ।

भारतबाट आउने बिरामीहरूलाई अस्पतालसम्म आउन–जान कुनै कानुनी वा व्यावहारिक झन्झट छैन, प्रशासक चौधरीले भन्ने भारतीय नम्बर प्लेटका सवारी साधनहरूलाई पनि अस्पताल परिसरसम्म आउन सहज वातावरण मिलाइएको छ ।

नेपाल नेत्र ज्योति संघको अभियानलाई सफल पार्न गौर आँखा अस्पतालले विगत लामो समयदेखि गुणस्तरीय र सुलभ उपचार प्रदान गर्दै आएको छ । विशेषगरी न्यून आय भएका र सीमावर्ती क्षेत्रका सर्वसाधारणका लागि यो अस्पताल भरोसाको केन्द्र बनेको छ ।

अस्पतालले अत्याधुनिक प्रविधि र दक्ष चिकित्सकको सहयोगमा मोतिबिन्दु लगायत आँखाका जटिल समस्याहरूको उपचार गर्दै अन्धोपन न्यूनीकरणमा महत्वपूर्ण भूमिका खेलिरहेको छ । सेवाग्राहीको संख्यामा भएको यो बढोत्तरीले अस्पतालप्रति जनविश्वास अझ प्रगाढ हुँदै गएको पुष्टि गर्छ ।

# परोहामा गरिबी निवारणका लागि ५ दिने चुरा निर्माण तालिम सुरु

*शु. आ. सम्वाददाता*
*रौतहट, १८ जेठ*




रौतहटको परोहा नगरपालिकामा गरिबी निवारण र स्वरोजगार प्रवर्द्धन गर्ने उद्देश्यका साथ पाँच दिने लाहा चुरा प्राविधिक सीप विकास तालिम सुरु भएको छ । मधेश प्रदेश सरकारको गरिबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम (मेडपा) अन्तर्गत नगरपालिकाको वडा नं. ३ तेजापाकडमा सोमबारदेखि सो तालिम औपचारिक रूपमा सुरु भएको हो ।

तालिमको उद्घाटन परोहा नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत एवं उपसचिव विष्णु प्रसाद शर्माले गर्नुभएको थियो । उद्घाटन समारोहलाई सम्बोधन गर्दै प्रमुख प्रशासकीय अधिकृत शर्माले स्थानीय स्तरमा रहेका विपन्न तथा पछाडि पारिएका महिलाहरूलाई उद्यमी बनाई आर्थिक रूपमा सबल बनाउन यस्ता सीपमूलक तालिमले कोसेढुङ्गाको काम गर्ने विश्वास व्यक्त गरे । उनले सिकेको सीपलाई केवल तालिममा मात्र सीमित नराखी व्यावसायिक रूपमा अगाडि बढाउन सहभागीहरूलाई आग्रह समेत गरे ।

स्थानीय महिलाहरूलाई प्राविधिक सीप प्रदान गरी लघु उद्यमीको रूपमा विकास गर्ने र गरिबी निवारणमा टेवा पुर्‍याउन, तालिमको प्राविधिक पक्ष र व्यवस्थापनमा उद्यम विकास सहजकर्ताद्वय संगिता देवी शाह, लक्ष्मिनिया देवी सहनी र फुलेश्वरी देवी सहनीले मुख्य भूमिका निर्वाह गरिरहेकी छिन् ।

पाँच दिनसम्म चल्ने यस तालिममा लाहाका आकर्षक चुराहरू बनाउने, बुट्टा भर्ने र बजार व्यवस्थापनका आधारभूत सीपहरू सिकाइने छ ।

परोहा नगरपालिकाले पछिल्लो समय लक्षित वर्गका लागि विभिन्न सीपमूलक कार्यक्रमहरू सञ्चालन गर्दै आएको छ । विशेष गरी तेजापाकड जस्ता ग्रामीण क्षेत्रका महिलाहरूले घरमै बसेर आयआर्जन गर्न सक्ने भएकाले यो तालिमप्रति स्थानीयको उत्साहजनक सहभागिता देखिएको छ । तालिम समापन पश्चात् सहभागीहरूलाई समूहमा आबद्ध गराई व्यवसाय सुरु गर्न आवश्यक प्राविधिक सहयोग र परामर्श समेत नगरपालिकाले उपलब्ध गराउने लक्ष्य राखेको छ ।

# पर्साको जिराभवानीबाट लागूऔषधसहित युवक पक्राउ

*हरिकिशोर शर्मा*
*पर्सा, १८ जेठ*




पर्साको जिराभवानी गाउँपालिका–४ स्थित सुपौली चोकबाट प्रहरीले नियन्त्रित लागूऔषधसहित एक युवकलाई पक्राउ गरेको छ ।

पक्राउ पर्नेमा पर्सागढी नगरपालिका–७ बागेश्वरी तिनौना निवासी २४ वर्षीय मन्दिप राउत कुर्मी रहेका छन् ।

अस्थायी प्रहरी पोष्ट सुपौलीबाट खटिएको प्रहरी टोलीले सोमबार दिउँसो नियमित चेकजाँचका क्रममा उनलाई शंकास्पद अवस्थामा नियन्त्रणमा लिएर खानतलासी गर्दा उनको साथबाट नियन्त्रित लागूऔषध नाइट्राजेपाम २६ ट्याब्लेट बरामद गरेको जनाएको छ ।

प्रहरीका अनुसार बरामद लागूऔषधसहित कुर्मीलाई नियन्त्रणमा लिएर आवश्यक अनुसन्धान प्रक्रिया अगाडि बढाइएको छ । घटनाबारे थप अनुसन्धान भइरहेको र लागूऔषध नियन्त्रणसम्बन्धी प्रचलित कानुनअनुसार आवश्यक कारबाही गरिने प्रहरीले जनाएको छ ।

पछिल्लो समय सीमावर्ती क्षेत्र तथा ग्रामीण भेगमा लागूऔषधको ओसारपसार र प्रयोग नियन्त्रणका लागि प्रहरीले निगरानी तथा चेकजाँचलाई तीव्र बनाएको छ । सोही अभियानअन्तर्गत गरिएको जाँचका क्रममा उक्त लागूऔषध बरामद भएको प्रहरीको भनाइ छ ।

प्रहरीले लागूऔषधविरुद्धको अभियानलाई अझ प्रभावकारी बनाउँदै यस्ता गैरकानुनी गतिविधिमा संलग्न व्यक्तिहरूमाथि कडा निगरानी र कानुनी कारबाहीलाई निरन्तरता दिइने जनाएको छ ।


## जनहितमा जारी सन्देश

- सडकको छेउ किनारामा निर्माण सामाग्रीहरु नराखौं ।
- घर निर्माण नदी घर नक्सा पास गरेर मात्र निर्माण कार्य शुरू गरौ ।
- सार्वजनिक स्थलमा छाडा चौपाय नछाडौं ।
- बाल श्रमको प्रयोग नगरौं नगराऔं ।
- जेष्ठ नागरिकको सम्मान गरौं ।
- अफ्नो घर परिसरमा कम्तीमा १ वटा बहु वार्षीय रुख बिरूवा रोपौं ।
- महिला हिंसा अन्त्यका लागि आफ्नो ठाउँबाट काम गरौं ।
- फोहोर बोक्ने सवारी साधान आएको बखत मात्र फोहोर बाहिर निकालौं ।
- जथाभावी फोहोर नगरौं ।
- भुकम्प प्रतिरोधि घर निर्माण गरौं ।

देवताल गाउँपालिका, पिप्राढीगोठ, बारा


तपाईले तिरेको कर तपाईकै टोल आँगनको बिकासको लागि, त्यसैले जागरुक बनौ कर तिरौ । - बृन्दाबन नगरपालिका